जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८५ २०७७ साल कात्तिक १३ गते बिहीबार (29 Oct. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : असार मसान्तभित्र गरिब ... ३ पृष्ठमा : शौचालयको अभावमा ... ३ पृष्ठमा :बिहारमा पहिलो चरणको ...

# एकै दिन ३१ संक्रमित पुष्टि भएपछि सप्तकोशी नगरपालिकाको वडा १० र ११ सील




**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

एकै दिन ३१ जना कोरोना संक्रमित पुष्टि भएको भन्दै सप्तरीको सप्तकोशी नगरपालिकाको वडा नं. १० र ११ लाई एक हप्ताका लागि सील गरिएको छ ।

कात्तिक ४ र ७ गते गरिएको स्वाव परिक्षणमा ३१ जनालाई कोरोना संक्रमण पुष्टि भए पछि वडा नं. १० र ११ आगामी कात्तिक १८ गते सम्मका लागी अति आवश्यक काम काज वाहेक सम्पूर्ण सेवाहरु बन्द गरेको नगरपालिकाले जनाएको छ ।

स्वास्थ्यका मापदण्ड अपनाउदै, दुई मिटरको दुरी कायम गर्न अनुरोध गर्दै स्थानिय हाट बजार, भेला पात, सेमीनार गोष्टी नगर्न नगर प्रमुख उत्तम कुमार शर्माद्वारा हस्तारक्षरीत विज्ञप्तीमा उल्लेख गरिएको छ ।

त्यस्तै इलाका प्रशासन कार्यालय कञ्चनपुरले पनि विज्ञप्ती जारि गर्दै अनिश्चितकालका लागी कार्यलयबाट प्रदान हुने सेवाहरु स्थगित गरेको छ ।

विज्ञप्तीमा कार्यालयका प्रमुख र अन्य कर्मचारी कोरोना संक्रमण पुष्टि भएको तथा छिमेकी सप्तकोशी नगरपालिका कोरोना संक्रमण बढेको हुनाले कार्यालयबाट प्रदान गज,सरिने सम्पूर्ण सेवाहरु अनिश्चितकालको लागी बन्द रहने जनाइएको छ ।

## वडा अध्यक्ष लालीलाई मातृ शोक

**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

राजबिराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) लाई मातृ शोक परेको छ ।

राजबिराज वडा नं. ९ बिहारपुर निवासी अध्यक्ष यादबका आमा गुलाब देबी यादबको ८१ बर्षको उमेर बुधबार असामयिक निधन भएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## हार्दिक समवेदना



स्व. मानपुर चौधरी

सप्तरीको कंचनरुप नगरपालिका ४ जगतपुर निवासी तथा संविधान सभा सदस्य मानपुर चौधरीको ५५ वर्षको उमेरमा असामयिक निधन भएकोमा स्तब्ध भएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**प्रभाकर यादव**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति, सप्तरी**

## हार्दिक समवेदना

जन्म मिति
बि.स. १९९७



स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएका छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**शम्भुनन्द चौधरी**
**अध्यक्ष**
**गैसस महासंघ नेपाल, शाखा सप्तरी, परिवार**



## सम्पादकीय ....

### ऋण लिएर चाडपर्वमा रवाफ नदेखाऔं

वडा दशैं सकिएलगत्तै अहिले नेपालीहरुको घर दैलोमा तिहारको चहलपहल सुरु भएको छ । कसैलाई यी पर्वहरुले हर्षित बनाएको छ भने कसैलाई सामाजिक बाध्यता जस्तो भएर भित्र भित्रै रुवाएको पनि होला । महँगीको मार त धनी र गरिब सबैलई आ-आफ्नो ठाउँमा परेको छ नै । एकातिर कोरोना महामारीले सबैको मनमा डरत्रास समेत बढाएको छ ।

पर्वहरु मासिनको हैसियत अनुसार फरक फरक ढङ्गले मनाउने चलन भएको कारणले नेपाली समाजमा यो पर्वले हुनेखानेका अगाडि गरिखानेहरुलाई निल्नु न ओकल्नुको पर्व जस्तै बाएको जस्तो देखिन्छ । वास्तविममा पर्व रहरले हर्षेल्लासपूर्वक मनाउनु पर्नेमा करमा परेर समाजको अगाडि देखाउनको लागि पनि मनाउनुपर्नै बाध्यता अधिकांश नेपालीमा छ ।

तसर्थ अनावश्यकरुपमा नगद दक्षिणा दिने, फजुल खर्च गर्ने तथा लंगडो रवाफ प्रदर्शन गर्ने चलनलाई आगाडी दिनहरुमा परिवर्तन गरी केवल आशीर्वाद र जमरामा टीका लगाउने चलनलाई राज्यले नै वैधानिक रुपले घोषणा गरे पो सबै नेपालीको महान पर्व बन्न सक्लान दसै तथा तिहार जस्ता पर्वहरु ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# असार मसान्तभित्र गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण सकिने

काठमाडौँ १२ कात्तिक (रासस) ।

अर्थ मन्त्रालय र भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आगामी असार मसान्तभित्रमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य सम्पन्न गर्ने निर्णय गरेका छन् । अर्थ मन्त्रालयमा आज सम्पन्न बैठकमा 'गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्य चालु आर्थिक वर्ष २०७७/७८ भित्र सम्पन्न गर्न आवश्यक व्यवस्था भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने र सो कार्यका लागि आवश्यक पर्ने थप स्रोतको व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने' निर्णय भएको हो ।

बैठकले गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्य सम्पन्न गर्न क्रियाकलाप सहितको समयबद्ध कार्यतालिका एक हप्ताभित्र भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले तयार पार्ने निर्णय पनि गरेको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरिब तथा विपन्न वर्गको तथ्याङ्क नहुँदा राज्यका तर्फबाट राहत तथा सहुलियतका कार्यक्रम सञ्चालन गर्न समस्या भएको र वितरण कार्य पनि उपलब्धिपूर्ण एवं प्रभावकारी हुन नसकेको बताउनुभयो । उहाँले गरिब घरपरिवार परिचय पत्रले लक्षित एवं विपन्न वर्गलाई राहत, सहुलियत, रोजगारी, सामाजिक सुरक्षा लगायतमा विशेष सहयोग पुऱ्याउने बताउँदै गरिब तथा विपन्न वर्गलाई लक्षित गरी विभिन्न निकायबाट सञ्चालित कृषि कर्जा, सहुलियतपूर्ण व्याज, कृषिका लागि अनुदान, स्वास्थ्य उपचार, शिक्षामा सहुलियत लगायतका कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले गरिब घरपरिवार परिचय पत्रका आधारमा कार्यक्रमहरु सञ्चालन गर्दा स्रोतको सही सदुपयोग हुने र प्रभावकारी परिणाम निस्कने बताउनु भयो ।

बैठकले घर परिवार सर्वेक्षणमा झुठ्ठा वा नक्कली तथ्याङ्क सङ्कलन र प्रविष्ट हुन नसक्ने विधि सहित त्यस्ता तथ्याङ्कको सिफारिस गर्ने वा सङ्कलन गर्ने वा प्रविष्ट गर्ने पदाधिकारी उपर कारवाही गर्ने प्रणाली भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले विकास गरी त्यसको नियमित रुपमा अनुगमन गर्ने संयन्त्र विकास गर्ने निर्णय पनि गरेको छ ।

# हत्यारालाई कारवाहीको माग गर्दै ज्ञापन

पर्सा, १२ कात्तिक (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी( नेकपा)पर्साका नेता कार्यकर्ताले आज यहाँ प्रदर्शन गरेका छन् । नेकपा पर्सा, विन्दवासनी गाउँ कमिटीका सचिव मुकेश चौरसियाका हत्यारालाई कारवाहीको माग गर्दै प्रदर्शन गरिएको हो ।

नेकपा पर्साको आयोजनामा मुरलीबगैंचास्थित रातोबङ्गला अगाडिबाट निकालिएको विरोध जुलूसले नगरका विभिन्न भाग परिक्रमा गरी जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर चौरसियाको हत्यारालाई कारवाहीको माग गर्दै प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

नेकपा विन्दवासनी गाउँपालिका अध्यक्ष विक्रम चौरसियाले प्रजिअ आस्मान तामाङमार्फत प्रधानमन्त्रीलाई पाँचबुदे मागसहितको ज्ञापनपत्र बुझाउनुभयो । अध्यक्ष चौरसियाले बुझाएको ज्ञापनपत्रमा चौरसियाको परिवारले दिएको किटानी जाहेरी दर्ता गरी दोषीलाई कारवाही गर्नुपर्ने, चौरसियालाई शहीद घोषणा गरी आश्रित परिवारलाई सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, झडपमा परी घाइते भएकाको निःशुल्क उपचार गर्नुपर्ने र पीडित परिवारले दिएको किटानी जाहेरी दर्ता नगर्ने प्रहरी अधिकारीलाई कारवाहीको माग गरिएको छ ।

परिवारले दिएको किटानी जाहेरी दर्ता नभएसम्म चौरसियाको शव नबुझ्ने अडानका कारण पाँच दिनदेखि नारायणी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

नेकपा विन्दवासनी गाउँपालिकास्तरीय कमिटी विस्तारका क्रममा आसन ग्रहण गराउने विषयमा भएको कुटाकुटमा परी गम्भीर घाइते हुनुभएका चौरसियाको यही कात्तिक ७ गते मृत्यु भएको थियो । चौरसिया हत्याको अभियोगमा तीन जनालाई नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाइएको पर्सा प्रहरीले जनाएको छ ।

# नग्न तस्वीर माग्नेसँग सचेत हुन आग्रह

काठमाडौँ, १२ कात्तिक (रासस) ।

नेपाल प्रहरीको साइबर ब्युरोले विभिन्न बहाना बनाएर प्रविधिको दुरुपयोग गरी अश्लील गतिविधि भइरहेकाले सचेत हुन ध्यानाकर्षण गराएको छ । विभिन्न व्यक्तिको ल्याण्डलाइन र मोबाइल फोनमा नम्बर नै नदेखिने तथा सामाजिक सञ्जालको नक्कली आइडी बनाएर कल गरी आफू प्रहरीको साइबर क्राइम विभागको मान्छे भएको भनी प्रविधिको दुरुपयोग गर्ने क्रम देखिएकाले सूचना जारी गरी सतर्क हुन आग्रह गरिएको हो ।

यस्ता गिरोहले प्रविधिको दुरुपयोग गरेर व्यक्तिको फेसबुक ह्याक भएको बहाना बनाई त्यसको प्रमाणीकरणका लागि नग्न तस्वीर वा श्रव्यदृष्य माग गर्ने गरेको पाइएको ब्युरोको विज्ञप्तिमा उल्लेख छ ।

'उनीहरुले फोन गरेर तपाईंको एकाउन्टबाट नग्न, तस्वीर तथा भिडियो भाइरल भइरहेको र एक पटकका लागि हामीले त्यस्तो हुनबाट रोकेका छौँ, त्यसको प्रमाणीकरणका लागि नग्न फोटो वा भिडियो पठाउनुहोस् भनी पठाउन लगाउने र प्राप्त भएपछि नक्कली आइडी डिएक्टिभ गर्ने गरेको भन्ने सूचना एवं उजूरी प्राप्त भइरहेको छ', ब्युरोले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

ब्युरोले यस्ता अश्लील र झुक्यानमा पार्ने गतिविधिबाट सचेत हुन र आफ्नो व्यक्तिगत विवरण कसैलाई नदिन नागरिकलाई सूचित गरेको छ । यस्ता गतिविधि थाहा पाएमा प्रहरीको साइबर ब्युरो वा नजीकको प्रहरी कार्यालयमा सूचना दिन ब्युरोका सूचना अधिकारी नविन्द अर्यालले सबैमा अनुरोध गर्नुभएको छ ।

# लागु औषधसहित दुई युवक पक्राउ

जलेश्वर, १२ कात्तिक (रासस) ।

सशस्त्र प्रहरीले आज महोत्तरीमा ठूलो परिमाणमा लागुऔषधसहित दुई युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा दोलखा जिल्लाको ठूलोपात गाउँपालिका-९ बस्ने असिम भूजेल र सिन्धुली जिल्लाको कमलामाई नगरपालिका बस्ने मनोज भुजेल रहेको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट जलेश्वरका प्रहरी निरीक्षक बिर्खबहादुर शाहीले बताउनुभयो ।

दुवै जना भारत बिहारको भिठ्ठामोड शहरबाट प्लाष्टिकको कालो झोलामा एक हजार ५०० पिस प्रतिबन्धित लागुऔषध नाइट्राभेट बोकेर नेपाल प्रवेश गरेपछि जलेश्वर नगरपालिका-३ स्थित सडकमा सशस्त्र प्रहरीले शङ्का लागि चेक गर्दा दुवै जना पक्राउ परेका हुन् ।

पक्राउ परेका दुवै जनालाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीको जिम्मा लगाइएको छ ।

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शौचालयको अभावमा बलात्कारको घटना

सप्तरी, १२ कात्तिक (रासस)।

नेपाललाई ‘खुल्ला दिसामुक्त’ घोषणा गर्ने अभियानका क्रममा सप्तरी जिल्ला पनि साढे दुई वर्षअघि नै खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ।

एकातिर शहर र राजमार्गमा सार्वजनिक शौचालय नहुँदा बटुवा र यात्रुले चर्को समस्या झेल्नुपरेको छ भने अर्कोतिर ग्रामीण भेगमा किशोरीहरू बलात्कृत भइरहेका छन्। सप्तरीमा शौच गर्न गएकी एक दलित किशोरी शनिबार राति बलात्कृत भएकी छिन् भने अर्की एक किशोरीमाथि बलात्कारको प्रयास भएको छ। घर नजिकैको बाँसघारीमा शौच गर्न गएकी दुवै किशोरीलाई तिरहुत गाउँपालिका-३ का दुई युवकले नियन्त्रणमा लिएर घर भन्दा करिब ४०० मिटर टाढा लगेर घटना गरेको पीडितहरूले बताउनुभयो।

दुई जनामध्ये १७ वर्षीया किशोरी बलात्कारबाट पीडित भएको र १९ वर्षीया किशोरीमाथि बलात्कार प्रयास भएको इलाका प्रहरी कार्यालय कञ्चनरूप, सप्तरीका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिनुभयो। प्रनाउ सिंहका अनुसार आरोपितमध्ये सुनिल पक्राउ परेका छन् भने ज्ञानु फरार छन्।

पीडित १७ वर्षीया किशोरीकी आमा र पीडित १९ वर्षीया किशोरीकी माइजुले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा लिखित उजूरी दिनुभएको छ। दशैँको बिदा लगत्तै सप्तरी जिल्ला अदालत खुलेपछि आरोपितविरुद्ध म्याद थप गरिने प्रनाउ सिंहले बताउनुभयो।

यस अघि पनि सप्तरीको बलान बिहुँल गाउँपालिकामा शौच गर्न गएकी १७ वर्षीया सुस्त मनस्थितिकी किशोरीमाथि सामूहिक बलात्कार घटनाको उजूरी दर्ता छ। भदौ २७ गते राति भएको बलात्कार घटनाको उजूरी इलाका प्रहरी कार्यालय कडरबोना, सप्तरीमा दर्ता भए पनि हालसम्म कोही पक्राउ परेका छैनन्।

प्रदेश २ कै दोस्रो खुला दिशामुक्त सप्तरी जिल्ला विसं २०७४ साल चैत २१ गते खुला दिशामुक्त जिल्ला घोषणा भएको हो। सप्तरीको शहरी क्षेत्रमा सार्वजनिक शौचालय भेट्नै मुस्किल पर्छ भने ग्रामीण भेगमा कतिपय शौचालय व्यवस्थापनको समस्या थपिँदो छ।

ग्रामीण भेगदेखि मुख्य शहरमै शौचालयको समस्या यथावत् रहँदा भनाइ र गराइबीच भिन्नता देखिएको छ। शौचालयको अभावमा गाउँघरमा महिला रातको अध्यारोको समयमा शौच जाने गरेको तथा यौन दुर्व्यवहार र बलात्कार घटनामा पर्ने गरेको मनोविमर्शकर्ता रञ्जना चौधरीले बताउनुभयो।

# कारको ठक्करबाट एक वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक।**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरुप नगरपालिकास्थित बरमझियामा बुधबार बिहान कारको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ।

मृत्यु हुनेमा सप्तरीको कंचनरुप नगरपालिका वडा नं. २ बरमझिया निवासी ७५ वर्षीय तिलक सुरेत रहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ।

पुर्वबाट पश्चिम जाँदै गरेको बा.१८च. ७७३४ नम्बरको कारले बाटो काट्ने क्रममा तिलकलाई ठक्कर दिएको थियो। सो ठक्करबाट उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

यता ठक्कर दिएर भाग्न खाजेका कारलाई प्रहरी चौकी महुलीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।






## विश्व समाचार

# बिहारमा पहिलो चरणको निर्वाचन, ७१ पदका लागि १०६६ उम्मेदवार

पटना, १२ कात्तिक (रासस/पिटिआई)।

भारतको बिहारमा विधानसभाका लागि बुधबार पहिलो चरणको निर्वाचन भइरहेको छ। बिहारमा तीन चरणमा चुनाव हुँदैछ।

पहिलो चरणमा ७१ पदका लागि एक हजार ६६ जना उम्मेदवार चुनावी मैदानमा रहेको निर्वाचन आयोगले जनाएको छ। ती मध्ये ९५२ जना पुरुष र १५५ जना महिला रहेका छन्। बिहानैदेखि भइरहेको मतदानमा कोरोनाभाइरसबाट जोगिन मतदाताहरुलाई आधारभूत मापदण्डहरु अपनाउन आह्वान गरिएको छ।

बुधबार मतदान भइरहेको क्षेत्रमा कुल दुई करोड १४ लाख ८४ हजार ७८७ जना बैध मतदाता रहेका छन्। ती मध्ये पुरुष एक करोड १२ लाख ७६ हजार ३९६ जना र महिला एक करोड एक लाख २९ हजार १०१ रहेको आयोगले जनाएको छ। निर्वाचन सम्पन्न गराउन ७८ हजार ६९१ जना निर्वाचन कर्मचारी खटिएका छन्। बिहार राज्य अन्तर्गतका १६ जिल्लामा निर्वाचन भएको हो।

मतदानका बेला अपनाउनु पर्ने मापदण्डका बारेमा निर्वाचन आयोगले निर्देशिका नै बनाएर जारी गरेको छ। भारतमा कोरोनाभाइरसको महामारी चलिरहेकै बेला पहिलो पटक निर्वाचन भइरहेको हो।

मापदण्डमा विद्युतीय मतदान यन्त्रलाई सेनिटाइज गर्नु पर्ने, सबैले मास्कको प्रयोग गर्नुपर्ने, प्रतिरक्षात्मक अन्य साधनहरुको प्रयोग गर्नुपर्ने, सेनिटाइजर, साबुन र पानी सबैलाई पर्याप्त उपलब्ध गराउनु पर्ने, सामाजिक दुरी कायम गर्नुपर्नेलगायतका कुरा उल्लेख गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि उच्च सतर्कताका साथ मतदान कार्यमा सहभागी हुन सबैलाई अपिल गर्नुभएको छ। मापदण्डहरु पूर्ण रुपमा पलना गर्न पनि उहाँले आग्रह गर्नुभएको छ।

# बेलायतमा कोरोनाका कारण मे पछि एकै दिनमा सबैभन्दा धेरैको मृत्यु

लण्डन, १२ कात्तिक (रासस/एएनआई)।

बेलायतमा कोरोनााभइरसका कारण मे पछि मंगलबार एकै दिनमा सबैभन्दा धेरैको मृत्यु भएको छ।सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार एकै दिनमा ३६७ जनाको मृत्यु भएको छ। योसँगै कुल मृतकको संख्या ४५ हजार ३६५ पुगेको छ।

बेलायतमा थप २२ हजार ८८५ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन्। उनीहरुका अनुसार बेलायतमा अहिलेसम्म कुल नौ लाख १७ हजार ५७५ जना सङ्क्रमित भएका छन्। बेलायतका पब्लीक हेल्थ मेडिकल डाइरेक्टर डा. यभोन्ने डोयलेले सङ्क्रमण र यसबाट हुने क्षति बढ्दै गइरहेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभएको छ, “निरन्तर उस्तै छ।”

उहाँले अहिलेसम्मको प्रबृत्ति हेर्दा मृत्यु हुनेको संख्या बढ्दै गएको र अझै बढ्न सक्ने अनुमान समेत गर्नुभएको छ। “हामीले हरेक दिन धेरै मानिसको परीक्षण गरिरहेका छौँ, अस्पताल प्रशासनले उनीहरुको संख्या बढिरहेको बताउने गरेका छन्, यस बारेमा अझ गम्भीर हुन जरुरी छ, अझ धेरै सूचित हुन आवश्यक छ,” उहाँले भन्नुभयो।

बेलायती राष्ट्रिय तथ्याङ्क कार्यालयले यसअघि सार्वजनिक गरेको विवरणमा मृतक र सङ्क्रमितहरुको हप्ताभरीको संख्यामा पनि बृद्धि भएको देखिएको छ। बीचमा केही समय घटेको देखिएपनि अहिले फेरि बढ्दै जानु थप चिन्ताको विषय भएको अधिकारीहरुले बताएका छन्।

# अष्ट्रेलियाको दोस्रो ठूलो शहरमा १११ दिने लकडाउन अन्त्य

मेलबोर्न, १२ कात्तिक (रासस/एपी)।

अष्ट्रेलियाको दोस्रो ठूलो शहर मेलबोर्नमा कोरोनाभाइरसको महामारीका कारण लगाइएको लकडाउन १११ दिनपछि बुधबार अन्त्य गरिएको छ। यो लकडाउन अन्य ठाउँमा लगाइएको भन्दा लामो भएको अधिकारीहरुले बताएका छन्। लकडाउन खुल्ला गरेपछि स्थानीय बासिन्दाले राहत र सहजता महसुस गरेको समाचारमा जनाइएको छ।

“कठिन यात्रा सकिएको छ, धेरै लामो समय बिताउन जस्तो गाह्रो भएको थियो,” स्थानीय एक बासिन्दाले भन्नुभयो। भिक्टोरिया राज्य सरकारले लकडाउन अन्त्य गर्ने घोषणा गरेसँगै यस क्षेत्रका व्यापारिक प्रतिष्ठानहरु खुल्ला भएका छन्। उनीहरुले कारोबार गर्न थालेका छन् भने कामदारहरुले काम गर्न पाएका छन्।

लकडाउन खुल्ला गरिए पनि सडकमा भिडभाड नगर्न, मास्क नलगाइ नहिँड्न भनिएको छ। त्यसैगरी घरदेखि २५ किलोमिटर टाढा हिँड्न पनि नपाइने व्यवस्था गरिएको छ। सरकारी अधिकारीहरुले सकेसम्म घरबाटै काम गर्ने वातावरण बनाउन पनि सबैलाई आह्वान गरेका छन्।

# कम्युनिष्ट सरकार देशमा भ्रष्टाचार संस्थागत गर्न खोजेको आरोप : सांसद चौधरी



**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

प्रतिनिधि सभा सदस्य एवं नेपाली कांग्रेसका नेता तेजुलाल चौधरीले कम्युनिष्ट सरकार देशमा भ्रष्टाचार संस्थागत गर्न खोजेको आरोप लगाएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिकाको कठौनामा बुधबार आयोजित दशैं, दिपावली एवं छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन उनले सो आरोप लगाएका हुन् । सांसद चौधरीले कोभिड-१९ को महामारीमा सरकारको लापरवाहीले नेपाली जनतालाई दुःख भोग्नु परेकोले कांग्रेसले विरोध गर्नु पर्ने बताए ।

उनले केहि व्यक्तिको व्यक्तिगत स्वार्थको कारण नेपाली कांग्रेस सप्तरीभित्र विवाद सिर्जना भएको दाबी समेत गरे । पार्टीभित्रका केही नेताहरुमा दुर्गामी सोच नभएका कारण जिल्लामा विवाद देखिएको भन्दै जिल्लाका नेतृत्वले एकलौटी रुपमा पार्टी संचालन गर्न खोजेको आरोप पनि लगाए ।

सोही कार्यक्रममा नेपाली कांग्रेस जिल्ला कार्य समितिका सचिव रामकुमार यादवले जिल्ला सभापति दिनेश यादवले पार्टीलाई विधान विपरित कार्य गर्दै पार्टी आफ्नो गोजिबाट संचालन गर्न खोजेको आरोप लगाए । उनले यस्तो कार्यलाई रोक्न सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

शुभकामना अदान प्रदान कार्यक्रममा कांग्रेसका युवा नेता मो. ईर्साद अन्सारीले सभापति यादवले पार्टीमा गुटउपगुट गरी विभाजन गर्न खोजेकोले उनी माथि अनुशासनको कार्वाही हुनुपर्ने माँग गरे । नेपाली कांग्रेसका जिल्ला नेता तथा महासमिति सदस्य उमेश मिश्रले सभापतिको कार्यप्रति चिन्ता व्यक्त गर्दै सम्पूर्ण जिल्लाका नेता तथा कार्यकर्ता एकजुट हुनुपर्ने बताए ।

क्षेत्र नम्बर ३ (क) का सभापति रामनारयाण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा संघीय सांसद नविता चौधरी नेपाली कांग्रेस पूर्व जिल्ला उपाध्यक्ष राजकुमार न्यौपाने, पूर्व जिल्ला सचिव सबुरलाल साह, शम्भुनाथ नगरपालिकाका उपमेयर कविता सरदार, महासमिति सदस्य ध्रुव नारायण चौधरी, दुर्गानन्द चौधरी, जिल्ला नेता सिताराम साह, रामदेव साह, क्षेत्र नं. १ का क्षेत्रिय सभापति बद्री महात्मान, क्षेत्र नं. ३ का नेता रामसुन्दर मंडल, क्षेत्र नं. ४ का क्षेत्रिय सचिव बासुदेव ठाकुर, बोदेबर्साइन नगरपालिकाका नगर सभापति राजेन्द्र मंडल, शम्भुनाथ नगरपालिका वडा नं. २ का वडाध्यक्ष दुर्गानन्द भगत, वडा नं. ३ का अध्यक्ष शत्रुघ्न चौधरी, वडा नं. ९ मनोज चौधरी, वडा नं. ११ का शम्भु प्रसाद चौधरी, नेपाल विद्यार्थी संघका जिल्ला सचिव रामानन्द देव लगायतले शुभकामना मनतव्य व्यक्त गरेका थिए ।

## वडा अध्यक्ष ...

उनको बुधवारै बेलुका बिहारपुरमा अन्त्येष्टी गरिएको छ भने छोरा शम्भु प्रसाद यादबले दागबती दिएका छन ।

सो अवसरमा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार यादब, भुमी, ब्यबस्था, कृषि तथा सहकारी मंन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेश सासंद मनिष सुमन, नेत्रबिक्रक साह, मोहम्मद समिम, पुर्व सासंद शिवराम यादब, नेपाली काँग्रेस जिल्ला सभापति दिनेश यादव, राजबिराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादबसहित विभिन्न वडाका वडा अध्यक्ष तथा जसपाका नेता तथा स्थानियहरू अन्तिम श्रद्वान्जली अर्पण गरेका थिए ।

# सामाजिक परिवर्तन भएमा मात्र राजनीतिक परिवर्तन आउने : प्रदेश मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

तेली कल्याण समाज सप्तरीले विजया दशमी, दिपावली तथा छठ पर्वको अवसरमा बुधबार २६ औं मित्र मिलन समारोह आयोजना गरेको छ ।

सो समारोहलाई उद्घाटन गर्दै प्रदेश २ का भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले सामाजिक परिवर्तन भएमा मात्र राजनीतिक परिवर्तन आउने र राजनीतिक परिवर्तनले जातीय उत्थान हुने विचार व्यक्त गरे ।

कृषि मन्त्रालयले साना सिचाइँको लागि स्यालो ट्युवेल, पावर ट्याक्टर, पशु अस्पताल लगायतको कार्यक्रम निकट भविष्यमै सञ्चालन गर्न लागेको जानकारी दिदै उनले एक कठ्ठादेखि १० कठ्ठासम्मका कृषकलाई खेतीमा सहयोग पुग्ने उद्देश्यले सिधै खातामा १० हजार रुपैया अनुदान पठाउन लागेको बताए ।

तेली कल्याण समाजका अध्यक्ष रामचन्द्र साहको अध्यक्षतामा आयोजित सो कार्यक्रममा प्रदेश २ का सभा सदस्य नेत्र बिक्रम साह, साह सेवा सदनका अध्यक्ष दुर्गा साह, समाजका केन्द्रिय सदस्य सुनिता साह, साह शिक्षक तथा कर्मचारी मिलन केन्द्रका अध्यक्ष धर्मदेव साह, जिल्ला वार इकाइका अध्यक्ष डोमन साह, साह युवाका अध्यक्ष रामअधिन साह, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष धीरेन्द्रप्रसाद साह, सदनका संस्थापक अध्यक्ष रामचन्द्र साह, साह सेवा सदनका अध्यक्ष प्रत्यासी योगानन्द साह, अरहुलदेवी साह लगायतले आर्थिक, सामाजिक, शैक्षिक एवं राजनीतिक उत्थानमा जोड दिए ।

तेली कल्याण समाज, साह सेवा सदन, साह शिक्षक तथा कर्मचारी मिलन केन्द्र, साह महिला, साह युवाको संयुक्त आयोजनामा आयोजित सो कार्यक्रममा अवकाश प्राप्त २५ जना शिक्षक तथा कर्मचारीलाई सम्मान गरिएको थियो । सोही कार्यक्रममा विशेष योग्दान पुऱ्याएका कर्मचारी गंगा साह, योगानन्द साह र कामेश्वर साहलाई समेत सम्मान गरेको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्भ भएका छौ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*